त्रिभुवन विश्वविद्यालय
इन्जिनियरिङ अध्ययन संस्थान
# पुल्चोक क्याम्पस
पुल्चोक, ललितपुर

मिति: २०७१।०८।०७

## वि.ई./वि.आर्क. तहमा रिक्त स्थानमा भर्नाका लागि पुन: आवेदन सम्बन्धी सूचना ।

शैक्षिक बर्ष २०७१ / ७२ मा यस क्याम्पसको B.E./BArch. तहमा भर्ना भएका केही विद्यार्थीहरूले भर्ना रद्द गरी निम्न बमोजिम कार्यक्रमहरुमा स्थान रिक्त रहन गएकोले ती स्थानहरूमा भर्ना हुन चाहने आवेदकहरूको लागि पुन: आवेदन फाराम भरी बुझाउन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पुन: आवेदनका लागि २०७१ मंसिर १४ र १५ गते ११:०० बजेदेखि २:०० बजेभित्र पुल्चोक क्याम्पसको सूचना प्रविधि केन्द्रमा उपलब्ध फाराम भरी बुझाउनु पर्नेछ । फाराम शुल्क रु २००।- लाग्नेछ र एक भन्दा बढि विषयको लागि प्रति विषय रु १५०।- थप शुल्क लाग्नेछ ।
- **इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका कुनै पनि आंगिक क्याम्पसमा भर्ना भएकाहरू बाहेक इन्जिनियरिंग अध्ययन संस्थानद्वारा लिइएको प्रवेश परीक्षामा सम्मिलित भई उत्तीर्ण भएका आवेदकहरूले पुन: आवेदन दिन सक्नेछन् ।**
- हाल रिक्त सिट संख्या

| सि. नं. | कार्यक्रम | रिक्त सिट संख्या |
|---|---|---|
| १. | Architecture (Regular / Full Fee) | २ |
| २. | Electronics & Communication Full Fee | १ |
| ३. | Electrical Full Fee | १ |

- **कक्षा शुरू भई रिक्त भएको स्थानमा आवेदन आह्वान गरिएको हुनाले इन्जिनियरिङ अध्ययन संस्थान अन्तर्गतका आंगिक क्याम्पसहरूमा भर्ना भएका बिद्यार्थीहरूले आवेदन दिन पाउने छैनन् ।**
- उपरोक्त आवेदकहरुले दिएको आवेदनको आधारमा प्रवेश परीक्षाको योग्यताक्रमानुसार मुख्य भर्ना सूची र बैकल्पिक सूची प्रकाशन गरी भर्ना गरिनेछ । मूख्य सूचीमा भएका आवेदकले भर्ना नगरि स्थान रिक्त रहन गएमा बैकल्पिक सूची अनुसार क्रमश: भर्ना गरिनेछ ।
- कुनै कार्यक्रमको नियमित तर्फको रिक्त रहेको स्थानमा भर्ना सूची प्रकाशन गर्दा सोही कार्यक्रममा पूर्णशुल्किय तर्फ भर्ना भइसकेका विद्यार्थीको योग्यताक्रम भन्दा कम मात्र योग्यताक्रम भएका आवेदकहरूको आवेदन परेको खण्डमा भर्ना भइसकेका पूर्णशुल्किय तर्फका विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गर्ने गरी पूर्णशुल्किय कार्यक्रमका लागि भर्ना सूची प्रकाशन गरिनेछ र भर्ना सूची अनुसारका आवेदक पूर्णशुल्किय कार्यक्रममा भर्ना भइसकेको खण्डमा मात्र यस अघि भर्ना भइसकेको विद्यार्थीलाई नियमित तर्फ स्थानान्तरण गरिनेछ ।

# त्रिभुवन विश्वविद्यालय
# इन्जिनियरिङ अध्ययन संस्थान
# पुल्चोक क्याम्पस

पुल्चोक, ललितपुर

| भर्ना कार्यक्रम | | मिति र समय |
|---|---|---|
| १) भर्नाका लागि पुनः आवेदन फाराम भर्ने | : | २०७१ मंसिर १४ र १५ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| २) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) | : | २०७१ मंसिर १६ गते बिहान ८:०० बजे । |
| ३) आर्किटेक्चरको झुकाव परीक्षा (Aptitude Test) को नतिजा प्रकाशन | : | २०७१ मंसिर १६ गते अपरान्ह ५:०० बजे । |
| ४) मुख्य तथा बैकल्पिक सूची प्रकाशन | : | २०७१ मंसिर १६ गते अपरान्ह ७:०० बजे । |
| ५) प्रकाशित सूची उपर दावि विरोध | : | २०७१ मंसिर १७ गते विहान ११:०० बजेदेखि अपरान्ह २:०० बजेसम्म । |
| ६) संशोधित सूची प्रकाशन | : | २०७१ मंसिर १७ गते अपरान्ह ७:०० बजे । |
| ७) मुख्य सूचीको भर्ना | : | २०७१ मंसिर १८ गते विहान ११:०० देखि अपरान्ह २:०० बजेसम्म । |
| ८) मुख्य सूचीका विद्यार्थी भर्ना नभई स्थान रिक्त रहन आएमा सूचना प्रकाशन | : | २०७१ मंसिर १८ गते अपरान्ह ७:०० बजे । |
| ९) बैकल्पिक सूचीको भर्ना (आवश्यकता भएमा) | : | २०७१ मंसिर १९ गते विहान ११:०० देखि अपरान्ह २:०० बजेसम्म । |

**द्रष्टब्य** :

- **आर्किटेक्चर कार्यक्रमका लागि यस अघि लिइएको झुकाव परीक्षा (Aptitude Test) मा उत्तीर्ण भएका आवेदकहरु झुकाव परीक्षा (Aptitude Test) मा पुनः सम्मिलित हुनु पर्ने छैन ।**
- **उपरोक्त कार्यक्रमहरुका दिन सार्वजनिक विदा वा आकष्मिक विदा परेमा समेत भर्ना समितिको कार्यालय खुला रहने तथा सम्पूर्ण भर्ना कार्यक्रमहरु यथावत रहने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।**

भर्ना समिति २०७१
पुल्चोक क्याम्पस